**बैठक संख्याः-६६**

आज मिति २०८२ असार ६ गते शुक्रबारका दिन बिर्तामोड नगरपालिकाको कार्यपालिका बैठक नगर प्रमुख श्री पवित्रादेवी महतारां प्रसाईज्यूको अध्यक्षतामा निम्न वडा अध्यक्ष तथा कार्यपालिका सदस्यहरुको उपस्थितिमा बसी निम्न विषयमा छलफल गरियो ।

<u>उपस्थिती</u>

| सि.नं. | पद | नाम, थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री पवित्रादेवी महतारा प्रसाई | |
| २ | नगर उप-प्रमुख | श्री नगेन्द्र प्रसाद संग्रौला | |
| ३ | १ नं.वडा अध्यक्ष | श्री अग्नी प्रसाद पाण्डे | |
| ४ | २ नं.वडा अध्यक्ष | श्री किशोर कुमार पौडेल | |
| ५ | ३ नं. वडा अध्यक्ष | श्री मदन बुढाथोकी | |
| ६ | ४ नं. वडा अध्यक्ष | श्री राहुल कुमार शर्मा | |
| ७ | ५ नं. वडा अध्यक्ष | श्री रोहित प्रसाई | |
| ८ | ६ नं. वडा अध्यक्ष | श्री सुर्य प्रसाद कन्दङ्वा | |
| ९ | ७ नं. वडा अध्यक्ष | श्री कृष्ण प्रसाद खरेल | |
| १० | ८ नं.वडा अध्यक्ष | श्री अजय कार्की | |
| ११ | ९ नं.वडा अध्यक्ष | श्री हरि प्रसाद चौलागाई | |
| १२ | १० नं. वडा अध्यक्ष | श्री दुर्योधन गुरुङ | |
| १३ | कार्यपालिका सदस्य | श्री यमुना देवी आचार्य | |
| १४ | कार्यपालिका सदस्य | श्री तिला गौतम | |
| १५ | कार्यपालिका सदस्य | श्री निर्मला देवी सुनार | |
| १६ | कार्यपालिका सदस्य | श्री लक्षिमा खतिवडा | |
| १७ | कार्यपालिका सदस्य | श्री संगिता सिवा | |
| १८ | कार्यपालिका सदस्य | श्री जगतबन्धु राजबंशी | |
| १९ | कार्यपालिका सदस्य | श्री सिता ढुङ्गाना बि.क. | |
| २० | कार्यपालिका सदस्य | श्री शर्मिला राजवंशी | |
| २१ | सदस्य सचिव (प्र.प.अ.) | श्री सागर मिश्र | |

CamScanner

पवित्रा देवी मह्तारा प्रसाई
नगर प्रमुख

**निर्णय नं १-** यस भन्दा अघि भएको कार्यपालिका बैठकका निर्णयहरुको कार्यान्वयन प्रगति सन्तोषजनक रहेको समिक्षा गरियो।

**निर्णय नं २-** मिति २०८२।०३।०९ गते हुने नगरसभामा तपशिलमा उल्लेखित विद्ययेक तथा प्रतिवेदन पेश गर्ने निर्णय गरियो।

**तपशिल**

- आर्थिक विद्ययेक २०८२,
- विनियोजन विद्ययेक २०८२,
- न्यायिक समितिको आ.ब. ०८१/०८२ को प्रतिवेदन,
- अर्थ तथा सार्वजनिक लेखा समितिको आ.ब. ०८१/०८२ को प्रतिवेदन
- सुशासन तथा क्षमता विकास समितिको आ.ब. ०८१/०८२ को प्रतिवेदन
- पूर्वाधार विकास समितिको आ.ब. ०८१/०८२ को प्रतिवेदन
- सामाजिक विकास समितिको आ.ब. ०८१/०८२ को प्रतिवेदन
- आर्थिक विकास समितिको आ.ब. ०८१/०८२ को प्रतिवेदन
- वातावरण तथा विपद् व्यवस्थापन समितिको आ.ब. ०८१/०८२ को प्रतिवेदन
- विधेयक समितिको आ.ब. ०८१/०८२ को प्रतिवेदन

**निर्णय नं ३ -** मिति २०८२।०३।०९ गते सोमबार हुने दोस्रो कार्यकालको दोस्रो नगरसभाको सातौं अधिवेशनको पहिलो बैठकमा आगामी आ.ब. ०८२/८३ को लागि संलग्न बमोजिमको नीति, बजेट तथा कार्यक्रम पेश गर्ने निर्णय गरियो।

**निर्णय नं ४ -** बिर्तामोड नगरपालिकाको गुनासो सुनुवाई समितिको निर्णयानुसार अनुसूची २ अन्तर्गतका गुनासोहरुमाथि सम्बन्धित वडाले गरिव परिवारको सूचीमा परिमार्जन गरि २३३ थप गर्ने र अनुसूची ३ अन्तर्गतका २२ परिवारको नामावली सूची परिवर्तन गर्न श्री भुमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयमा सिफारिस गरि पठाउने निर्णय गरियो।

पवित्रा देवी मह्तारा प्रसाई
नगर प्रमुख

विविध - ५

क. सशस्त्र प्रहरी बल, नेपाल, सुरक्षा बेश शनिश्चरे झापाको सवारी साधन मर्मत गरेको रकम भुक्तानी गरिदिने सम्बन्धी पत्रको सम्बन्धमा उक्त सवारी साधनको मर्मत गरेको रकम रु ५० हजार भुक्तानी गर्ने निर्णय गरियो।

ख. श्री अनारमनी आधारभूत विद्यालय, बिर्तामोड ४ मा आ.व. २०७७/०७८ मा नि.मा.वि. कोटामा कार्यरत शिक्षक श्री पवित्रा तामाङलाई मिति २०७९ कात्तिक महिनादेखि २०७९ चैत्र मसान्त सम्मको पारिश्रमिक भुक्तानी हुन बाँकी रहेकोले सो अवधिको पारिश्रमिक रकम रु १६९२००।– (अक्षरेपी रु एक लाख उनन्सत्तरी हजार दुई सय) भुक्तानी गर्ने निर्णय गरियो।

ग. बिर्तामोड नगरपालिकाको नाममा दर्ता कायम रहेको कि.नं. ६ तथा बिर्तामोड नगरपालिका वडा नं. ८ र ९ को वडा कार्यालय रहेको जग्गामा वडा कार्यालयको कम्पाउण्ड वालको एरियामा बिर्तामोड नगरपालिका वडा नं. ७ , ८ र ९ को कार्यक्षेत्र रहेको अस्थायी प्रहरी चौकीको (वीट) संरचना निर्माण गर्न अनुमति प्रदान गर्ने निर्णय गरियो।

घ. बिर्तामोड नगरपालिका वडा नं. १० बस्ने मिन कुमारी श्रेष्ठको सवारी दुर्घटनामा परि सख्त घाईते भई टाउकोमा गहिरो चोट लागेर बि.एण्ड.सि.हस्पिटल बिर्तामोडमा उपचार गराई रहेको र निजको पारिवारिक आर्थिक अवस्था अति नै कमजोर भएकाले निजलाई प्रत्येक वडाबाट ५/५ हजार र नगरपालिकाको अन्य सामाजिक सहायता शिर्षकमा विनियोजन भएको बजेटबाट रु ५० हजार गरि जम्मा रु १ लाख आर्थिक सहयोग गर्ने निर्णय गरियो।

ङ. बिर्तामोड नगरपालिका वडा नं. २ स्थित रिगल फर्निचर प्रा.लि. का नाममा दर्ता कायम रहेको साविक चारपाने ८ हाल बिर्तामोड नगरपालिका वडा नं २ मा रहेको औद्योगिक क्षेत्रमा रहेको कि.नं.९७ ज.वि. २-१२-० कि.नं. २६५ ज.वि. १-०-० भएको जग्गा गोरखा प्लाईउड इण्डष्ट्रिज प्रा.लि. ले खरिद गर्ने भएकाले उक्त उद्योगका नाममा भएको जग्गा खरिद विक्रि गर्दा पाईने ५० प्रतिशत कर छुट उपलब्ध गराई दिन भुमिसुधार तथा मालपोत कार्यालयमा सिफारिस गर्ने निर्णय गरियो।

पवित्रा देवी महतारा पसाई
नगर प्रमुख

सागर मिश्र
प्रमुख प्रशासकीय अधिकृत

CamScanner